नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# राष्ट्रिय सूचना प्रविधि केन्द्र, सिंहदरबार काठमाण्डौ

## करार सेवामा दरखास्त माग गरिएको सूचना

सूचना प्रकाशित मिति २०७७/१२/२६

राष्ट्रिय सूचना प्रविधि केन्द्र र अन्तर्गत कार्यालयमा देहाय बमोजिमको पदमा आ.व. ०७७।७८ को बाँकी अवधिका लागि सेवा करारमा लिनुपर्ने भएकोले देहायका योग्यता, अनुभव र उमेर समूह भएका नेपाली नागरिकबाट यस केन्द्रद्वारा स्वीकृत गरिएको दरखास्त फाराम भरी रु १०।- को टिकट टाँसी यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र (सातौं दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) राष्ट्रिय सूचना प्रविधि केन्द्र, सिंहदरबारमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि उक्त केन्द्रमा सम्पर्क गर्नु हुन वा फोन नं. ०१-४२११९१७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| विज्ञापन. नं | पद | श्रेणी | सेवा/समूह/ उप समूह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता, तालिम तथा अनुभव |
|---|---|---|---|---|---|
| १/ ०७७/७८ | सूचना प्रविधि निर्देशक | रा.प. द्वितीय | नेपाल विविध | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर साईन्समा स्नातकोत्तर वा कम्प्यूटर इन्जिनियरिङ्गमा स्नातकोत्तर वा प्रमुख विषय कम्प्यूटर साईन्स लिई स्नातकोत्तर उपाधि प्राप्त र सूचना प्रविधि क्षेत्रमा अधिकृतस्तरको पदमा रही ५ बर्षको अनुभव प्राप्त गरेको । |
| २/ ०७७/७८ | कम्प्यूटर इन्जिनियर | रा.प. तृतीय | नेपाल विविध | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर इन्जिनियरिङ्ग विषयमा स्नातक वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक्स र कम्यूनिकेशन इन्जिनियरिङमा स्नातक तह उत्तीर्ण । |
| ३/ ०७७/७८ | इलेक्ट्रिकल इन्जिनियर | रा.प. तृतीय | नेपाल इन्जिनियरिङ/इलेक्ट्रिकल इन्जिनियरिङ/जनरल इलेक्ट्रिकल इन्जिनियरिङ | १ | मान्यता प्राप्त शिक्षण सस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा बि.ई. वा सो सरह उत्तीर्ण वा कम्तिमा इलेक्ट्रिक मेशिन, पावर सिस्टम, कन्ट्रोल सिस्टम, पावर इलेक्ट्रोनिक्स, स्वीच गियर एण्ड प्रोटेक्सन, पावर सर्किट थ्योरी एण्ड नेटवर्क विषय लिई इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल एण्ड कम्प्यूटर इन्जिनियरिङ्ग बिषयमा बि. एस्सी. वा बि. ई. वा बि. टेक. वा सो सरह उत्तीर्ण । |
| ४/ ०७७/७८ | सिस्टम एडमिनिस्ट्रेटर | रा.प. तृतीय | नेपाल विविध | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर साईन्समा स्नातक वा कम्प्यूटर इन्जिनियरिङ्ग विषयमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साईन्स लिई ४ बर्षे स्नातक उत्तीर्ण । |
| ५/ ०७७/७८ | इलेक्ट्रिकल टेक्निसियन | रा.प. अनं. प्रथम | नेपाल इन्जिनियरिङ/इलेक्ट्रिकल इन्जिनियरिङ/जनरल इलेक्ट्रिकलइन्जिनियरिङ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा/प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह उत्तीर्ण । |
| ६/ ०७७/७८ | कम्प्यूटर टेक्निसियन | रा.प. अनं. प्रथम | नेपाल विविध | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा प्रमाणपत्र तह उत्तीर्ण वा मेकानिकल इन्जिनियरिङ्गमा प्रमाणपत्र तह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्प्यूटर मर्मत सम्वन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त वा प्रमाणपत्र तह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्प्यूटर मर्मत सम्वन्धी कम्तिमा १ वर्षको तालिम प्राप्त । |
| ७/ ०७७/७८ | कम्प्यूटर अपरेटर | रा.प. अनं. प्रथम | नेपाल विविध | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्यूटर तालिम प्राप्त । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्यूटर तालिम प्राप्त । |

१. दरखास्त फारामः राष्ट्रिय सूचना प्रविधि केन्द्रको वेभसाइट nitc.gov.np बाट download गर्न सकिनेछ ।

२. मूल्याङ्कनको आधारः अन्तर्वार्ता ।

३. तलब सुविधाः नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम ।

४. उमेरको हदः रा.प. द्वितीय श्रेणीको हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको, रा.प. तृतीय श्रेणीको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र रा.प. अनं. प्रथम श्रेणीका पदहरुको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको) ।

५. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः

देहायका कागजातहरु आफ्नै हस्ताक्षरबाट प्रमाणीत गरी पेश गर्नु पर्नेछ ।

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख. शैक्षिक योग्यता तथा चारित्रिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि, (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र समेत) साथै इन्जिनियरिङ्ग पदको लागि नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्र हुनुपर्ने ।

ग. अनुभव आवश्यक पर्ने पदको हकमा अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि, (स्पष्ट रुपमा अवधि समेत खुलेको हुनुपर्ने) ।

घ. मान्यता प्राप्त संस्थाबाट लिएको तालिमको प्रमाणपत्रको प्रतिलिपि ।

अन्तर्वार्ताका लागि छनौट भएका उम्मेद्वारहरुको सूची केन्द्रको वेभसाइटमा प्रकाशन गरिनेछ ।